# अनुसूची-२

## (दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)


# स्थानीय राजपत्र

## लम्कीचुहा नगरपालिकावाट प्रकाशित

खण्डः ६ संख्याः ११ मितिः २०७९/११/०३

**भल्का, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल**


## भाग-२

## स्थानीय सरकार

### आपतकालिन एवं जोखिम अवस्थामा रहेका महिलाहरुको संरक्षणका लागि लम्कीचुहा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७९

लम्कीचुहा नगरपालिका भित्रका आपतकालीन तथा जोखिम अवस्थामा रहेका महिलाहरुको संरक्षण गर्न स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरी"लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यबिधि,२०७९ कार्यबिधि बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**(१)यो नियमको नाम"लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यबिधि,२०७९ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,-

(क) "कार्यालय" भन्नाले लम्कीचुहा नगरपालिका कार्यालय तथा सम्पुर्ण (१० वटै) वडा कार्यालय सम्झनु पदर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "राहत समिति"भन्नाले नियम ११ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पदर्छ ।

(ङ) "लैङ्गिक हिंसा"भन्नाले कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार,सामाजिक कुरीति जन्य व्यवहार महिलाहरुलाई सम्झनुपर्दछ

(च) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका महिला" भन्नाले कार्यविधिको १० नं. बुँदामा उल्लेखित महिलाहरुलाई सम्झनुपर्दछ ।
(छ) "सञ्चालक समिति"भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनुपर्छ ।

**३.कोषको स्थापना** : (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।
(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :-
(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,
(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,
(ङ) नगर कार्यपालिकाबाट बिनियोजित रकम,
(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।
(४) कोषको खाता सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने**: महिला हकहितका क्षेत्रमा यस नगरपालिका भित्र कार्य गर्ने संघ संस्थाहरुले यस कोषमा आवश्यक सहयोग गर्नु पर्नेछ र आवश्यक रकम नगरपालिका नगर कार्यपालिकाले समेत उक्त कोष संञ्चालनको लागि छुट्टयाउने छ र उक्त कोषको लागि तोकेको नेपाल सरकारबाट प्राप्त अनुदान समेत यस कोषमा जम्मा गरिनेछ ।

**५. कोषको उपयोग** : (१)कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-
(क) जोखिम अवस्थामा रहेका महिलाहरुको तत्काल उद्धार गर्न,
(ख) औषधि उपचार गर्न,
(ग) आपतकालित तथा जोखिम अवस्थामा रहेका महिलाहरुको संरक्षण गर्न,राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,
(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स सेवा प्रदान गर्न,
(ङ) कुनै व्यवसाय गर्नका लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,
(च) पुनर्स्थापना गराउन,
(छ) विभिन्न विपदको समयमा हिंसा प्रभावति महिला तथा किशोरीहरुका लागि आर्थिक सहयोग उपलब्ध गराउन ।
(ज) पीडितका लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।
(२) उपनियम(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भइ लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाइ प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने**:
(१)कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।
(२)उपनियम (१)मा जुनसुकै कुरालेखिएको भएता पनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको अवस्था हेरी कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७.संञ्चालक समिति गठनः**(१) कोषको संचालन,व्यवस्थापन तथा राहत बितरण गर्ने काम समेतका लागि एक कोष सञ्चालक समिति अर्थात राहत समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | नगरपालिका उप प्रमुख | संयोजक |
| (ख) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) | नगर स्तरीय सामाजिक बिकास समिति संयोजक वा प्रतिनिधि | सदस्य |
| (घ) | नगर कार्यपालिकाको महिला सदस्य १ जना | सदस्य |
| (ङ) | महिला अधिकारकर्मीको तर्फबाट एक जना महिला | सदस्य |
| (च) | लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेका संस्थाको प्रतिनिधि १जना | सदस्य |
| (छ) | नगरस्तरीय वालक्लब संञ्जालको प्रतिनिधि | सदस्य |
| (ज) | नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (झ) | महिला तथा बालबालिका शाखा प्रमख | सदस्य–सचिव |

(३) उपनियम (२) को खण्ड(च) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय नगरपालिकाको महिला तथा बालबालिका शाखामा रहनेछ ।

**८.सञ्चालक समितिको काम,कर्तव्य र अधिकारःदेहाय बमोजिम हुनेछ :-**

(क) लैङ्गिक हिंसा निवारणका सम्वन्धमा नगरपालिकाबाट स्विकृति नीति,योजना तथा कार्यक्रमका लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु,

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) नगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाका अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिमप्राप्त पीडितलाई वीउ पुँजी(सिड मनि) प्रदान गर्न सम्वन्धमा मापदण्ड बनाइ लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्न निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने

(ज) जोखिम अवस्थामा रहेका महिलाहरुको पहिचान गर्ने ,उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने, मनोविमर्श सेवा प्रदान गर्ने, राहत दिने र शैंक्षिक सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने

(झ) आफै वा सो क्षेत्रमा काम गर्नै गै.स.स.संग मिलरे जोखिम अवस्थामा रहेका महिलाहरुको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

(ञ) विपदका समयमा हुने लैङगिक हिंसा रोकथाम तथा सम्बोधनको लागि सचेतिकरण, जनचेतना अभिवृद्धि र रिपोटिङका सयन्त्र सुदृढ बनाउने लगायतका कार्य गर्ने

(ञ) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**९.राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन रकमको हद र आधारः** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदाँ देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाइ तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत प्रति दिन पाँच सय र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रति दिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत

प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभइ वाहिर बस्न परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रति दिन पाँच सय पचास रुपयाँ र उपचार खर्च समेत गरी बढीमा दस हजार रुपैया,
(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,
(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा पन्ध्र हजार रुपैया,
(ङ) पुनर्स्थापनाका लागि बढीमा पाँचहजार रुपैयाँ,
(च) सञ्चालक समितिले तोके बमोजिमका अन्य कामका लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ सम्म ।
(२)उपनियम (१) बमोजिमको रकम अपर्याप्त भए मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा सो व्यहोरा मुनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुइ हजार रुपैयाँमा नवढने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।
(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।
(४) माथि उल्लेखित रकम लिदा अनुसूची १ र २ बमोजिमको व्यहोरा पुऱ्याउनु पर्नेछ ।

**१० आपतकालिन एवं जोखिम अवस्थाका महिलाहरु देहायका अन्तर्गत पर्दछन्**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,
२) यौनशोषण, यौन दुब्यवहार, बचेविखन वा आसोर पसारमा परेका पीडित,
३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित,
४) अपाङ्गता भएका महिलाहरु
५) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोप वा विपदमा हिंसामा परेका महिलाहरु
६) हिंसाबाट प्रभावित एवं पिडित भएका,
७) हराएको वा बवारिसे अवस्थामा फेला परेका,
८) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पीडित भएका,
९) घरेलु हिंसाबाट प्रभावित,
१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,
११) सुस्त मनस्थिति भएका,
१२) अपहरण वा शरीर बन्धकमा परेका,
१३) सडक पेटीमा अलपत्र परेका,
१४) एच.आई.भि.सक्रंमित तथा पभ्रावित,
१५.कोही नभएका र केही नभएका महिलाहरु, सामाजिक तथा आर्थिक रुपमा बन्चितीकरणमा परेका दलित,जनजाती,यौनिक तथा अल्पसंख्यक महिलाहरु
१६.एकल महिलाहरु ( सम्वन्ध विच्छदे भएका,विधवा,३५ वर्ष उमेर सम्म पनि विवाह नगरी एक्लै बसेका सामाजिक एवं आर्थिक रुपमा विपन्न महिलाहरु )
१७)सञ्चालक समितिले आपतकालिन अवस्थामा रहेका भनी ठम्याएका अन्य महिलाहरु ।

**११.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने** :(१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाइ कार्यालयमा निवेदन दिन पर्नेछ ।

(२)उपनियम (१)बमोजिम प्राप्त भएका निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले नियम १३ का अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२ तत्काल रकम उपलब्ध गराउन सक्ने** :(१) यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार,औषधिउपचार,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिरता मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट बिस हजार रुपैयाँमा नवढने गरी मनासिव रकम सम्वन्धित पीडितलाइ उपलब्ध गराउन सक्नेछ ।
(२) उपदफा (१) वमोजिमका अवस्था परी सञ्चालक समितिका अध्यक्षबाट पीडितलाइ रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि वस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने** :(१) नगर कार्यपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा सञ्चालक समितिले सो को कारण खुलाइ नगर कार्यपालिका सँग थप रकम माग गर्नसक्नेछ ।
(२) उपनियम (१) बमोजिम थप रकम माग भइ आएमा नगर कार्यपालिकाले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४.छुट्टै खाता खोल्नु पर्ने**:(१) कार्यालयले कार्यपालिकाबाट प्राप्त भएका रकम कार्यालयको नाममा कुनै वित्तिय संस्था वा बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।
(२) उपनियम(१)बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखापरिक्षण** :(१)कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।
(२) कोषको लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१६. कोषको रकम फ्रिज नहुने :**
रकम खर्च नभएर आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७. प्रतिवेदन पेश गर्ने** :(१) समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ ।
(२) सञ्चालक समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।
(३)नगरपालिकाले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१८.बैठक भत्ताः** सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कोषको अवस्था हेरी नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन ।

**१९.निर्देशन दिन सक्नेः** (१) नगर कार्यपालिकाले सञ्चालक समितिका काम कारवाहीका सम्वन्धमा सो समितिलाइ आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

**२०.सञ्चालक समितिको बैठक र निर्णय** :(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।
(४) सञ्चालक समितिका कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(५)सञ्चालक समितिको बैठकको अध्यक्षता यस समितिका संयोजकले गर्नेछ र निजको अनुपस्थितिमासञ्चालक समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।
(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।
(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नगरपालिकाको कुनै कर्मचारी,पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।
(८) सञ्चालक समितिको निर्णय सोसमितिका सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ ।
(९) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आाफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची १
## (बुदा नं ९ र ११ संग सम्बन्धित)

### राहत उपलब्ध गराई पाउ भनि पिडित/प्रभावितले समितिमा पेश गर्नुपर्ने निवेदनको ढाँचा

श्री संयोजक ज्यू ,
नगरस्तरीय लैङ्गिक हिंसा निवारण कोष
लम्कीचुहा नगरपालिका,भल्का, कैलाली ।

**विषय : राहत उपलब्ध गराई पाउँ ।**

सविनय सेवामा नम्र निवेदन गर्नाको कारण यो छ की मेरो घर लम्की नगरपालिका वडा नं ……….. ………………..टोलमा पर्दछ । म ……………………………………………………… (बुँदा नं १० अन्तरर्गत) को कारणले पीडित भई मेरो आर्थिक अवस्था समेत अत्यन्त नाजुक रहेको हुँदा मलाई तत्काल संरक्षण /उद्धार/औषधी उपचार/राहत तथा आर्थिक सहयोग/कानुनी सहायता/मनोविमर्श सेवा/व्यवसाय संचालन अनुदान/पुनर्स्थापना/तथा अन्य………………………………………………………कामका लागि नगरस्तरीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिन हुन हार्दिक अनुरोध

**निबेदक**
दस्तखतः……………
नाम थरः…………..
ठेगानाः……………….
मितिः……………..

## अनुसूची २
## (बुँदा नं ९ संग सम्बन्धित)
## लैगिंक हिंसा निवारण कोषवाट रकम दिदांको भरपाई

भरपाई दादै म ...............................जिल्ला ....................... नपा...................

वडा न.... बस्ने श्री .......................... को छोरा/छोरी/श्रीमति वर्ष ..........को

श्री...................................................ले मेरो..................................समस्याको

कारणले रकम रु..........................................लौंगिकं हिसां निवारण कोषबाट

बुझीलिई यो भर्पाई गरिदिए । इतिसम्वत........ साल ........महिना ........गते .......रोज

शभुम् ।

**निवेदक**

थर:

ठेगाना :

सहि:

मिति

साक्षिहरु/रोहवर

**औठा छाप :**

| दायां | बायां |
|---|---|
| | |

**नगरकार्यपालिकावाट स्वीकृत मिति : २०७९/१०/२०**

आज्ञाले
शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत